आ.व. २०८२/८३
बैठक संख्या :१२

आज मिति २०८३ साल जेष्ठ ०८ गते शुक्रबार सहिदभूमि गाउँपालिकाका अध्यक्ष श्री मनोज राईज्यूको अध्यक्षतामा सहिदभूमि गाउँपालिकाको गाँउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

## उपस्थिती

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री मनोज राई | अध्यक्ष | |
| २. | श्री रत्नश्वरी राई | उपाध्यक्ष | |
| ३. | श्री रमेश कुमार राई | वडाध्यक्ष, वडा नं. १ | |
| ४. | श्री खगेन्द्र राई | वडाध्यक्ष, वडा नं. २ | |
| ५. | श्री होमनाथ राई | वडाध्यक्ष, वडा नं. ३ | |
| ६. | श्री भिम बहादुर राई | वडाध्यक्ष, वडा नं. ४ | |
| ७. | श्री हेम कुमार राई | वडाध्यक्ष, वडा नं. ६ | |
| ८. | श्री बम बहादुर राई | वडाध्यक्ष, वडा नं. ७ | |
| ९. | श्री दिवानी राई | कार्यपालिका सदस्य | |
| १०. | श्री विनिता राई | कार्यपालिका सदस्य | |
| ११. | श्री मधु भण्डारी | कार्यपालिका सदस्य | |
| १२. | श्री बालिका विश्वकर्मा | कार्यपालिका सदस्य | बालिका |
| १३. | श्री प्रकाश राई | कार्यपालिका सदस्य | |
| १४. | श्री सूर्यबहादुर भण्डारी | सचिव | |
| १५. | श्री देउ कुमारी विश्वकर्मा | का.बा.वडाध्यक्ष, वडा नं. ५ | देउकुमारी |

## अन्य उपस्थिती

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री होम बहादुर थापा | प्रशासन योजना तथा अनुगमन शाखा प्रमुख | |
| २. | नितेश कुमार यादव | आर्थिक प्रशासन तथा राजस्व शाखा प्रमुख | |
| ३. | हरि कुमार राई | प्रशासन इकाई | |

प्रमुख प्रशासकीय अधिकृत

मनोज राई
अध्यक्ष

कार्यपालिका बैठक सङ्ख्या:१२
मिति: २०८३/०२/०८

प्रस्ताव नं. १ आ.व. २०८३/०८४ को बजेट सिमा अनुमोदन सम्बन्धमा ।

निर्णय नं. १ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८३/..../....को बैठकको निर्णयानुसार प्राप्त आर्थिक वर्ष २०८३/०८४ को निम्नानुसारको बजेट सीमा अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निम्नः

| वडास्तरीय योजना तथा कार्यक्रमहरु | |
|---|---|
| सहिदभूमि गाउँपालिका वडा नं. १ | ३,०८५,००० |
| सहिदभूमि गाउँपालिका वडा नं. २ | २,९०५,००० |
| सहिदभूमि गाउँपालिका वडा नं. ३ | २,७८५,००० |
| सहिदभूमि गाउँपालिका वडा नं. ४ | २,६९०,००० |
| सहिदभूमि गाउँपालिका वडा नं. ५ | २,५१५,००० |
| सहिदभूमि गाउँपालिका वडा नं. ६ | ३,२४०,००० |
| सहिदभूमि गाउँपालिका वडा नं. ७ | २,७८०,००० |
| **वडास्तरीय योजना तथा कार्यक्रम चालु खर्च बाहेकको जम्मा रु** | २०,०००,००० |

**प्रस्ताव नं. २ सहिदभूमि गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८३ छलफल तथा स्वीकृत ।**

निर्णय नं. २ सहिदभूमि गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८३ छलफल गरी सर्वसम्मत रुपामा स्वीकृत गरियो।

सूर्यबहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मनोज राई
अध्यक्ष

कार्यपालिका बैठक सङ्ख्या:१२
मिति: २०८३/०२/०८

**प्रस्ताव नं. ३** पालिका गान तथा पालिका लोगो सम्बन्धी मापदण्ड स्वीकृत सम्बन्धमा।

**निर्णय नं. ३** सहिदभूमि गाउँपालिका, धनकुटाको पालिका गान तथा लोगो निर्माण गर्नुपर्ने भएकोले सो कार्यको लागि निम्नानुसारको मापदण्ड स्वीकृत गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निम्नः

## सहिदभूमि गाउँपालिकाको पालिका गान प्रस्तावको आधारभूत मापदण्ड

१. पालिका गानले सहिदभूमि गाउँपालिकाको ऐतिहासिकता, भौगोलिक अवस्थिति, प्राकृतिक सम्पदा, पर्यटकीय क्षेत्र, सामाजिक तथा साँस्कृतिक विविधता, पुरातात्विक महत्व एवम् मौलिक विशिष्टता झल्काउनु पर्नेछ ।

२. सहिदभूमि गाउँपालिकाको नाम अनिवार्य समावेश हुनुपर्नेछ ।

३. पालिका गान देवनागरी लिपीमा लेखिने नेपाली भाषामा रचना गरिएको हुनुपर्नेछ । गानमा प्रयोग भएका भाषा सरल, स्पष्ट तथा सहज रुपमा बोधगम्य हुने हुनुपर्नेछ ।

४. पालिका गानमा चालिस देखि पचास शब्द समावेश भएको उल्लिखित मौलिक विशिष्टता झल्कने हुनुपर्नेछ ।

५. रचयिताले पालिका गानमा प्रयोग भएका शब्दहरूको संक्षिप्त व्याख्या गर्नुपर्नेछ । नेपालको सार्वभौमिकता, राष्ट्रिय एकता, अखण्डता, सहिष्णुता तथा जातीय, भाषिक, धार्मिक, साँस्कृतिक एकता र पारस्परिकतामा आँच आउने शब्द प्रयोग गर्न पाईने छैन।

६. गाउँ कार्यपालिकाबाट एक पालिका गान छनोट समिति गठन गरिनेछ । र उक्त समितिमा नेपाली भाषामा कम्तिमा पनि स्नातकोत्तर उपाधी हासिल गरेको ३ जना

कार्यपालिका बैठक सङ्ख्याः१२
मितिः २०८३/०२/०८

विषय विज्ञहरुको मनोनयन गाउँ कार्यपालिकाबाट हुनेछ । साथै आवश्यकतानुसार गीतकारलाई विषय विज्ञको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

७. पेश भएको पालिका गानको सन्दर्भमा पालिका गान छनोट समितिबाट आवश्यक परिमार्जनका लागि सुझाव प्राप्त भएमा परिमार्जन गरी उक्त गान स्वीकृत गर्न सकिनेछ ।

८. पालिका गान छनोट समितिको सिफारिसमा गाउँ कार्यपालिकाबाट पालिका गान स्वीकृत गरिनेछ ।

९. सामूहिक रूपमा पेश गरेको पालिका गानलाई मान्यता प्रदान गरिने छैन ।

१०. पालिका गानको प्रस्ताव खाम बन्दी गरी गाउँपालिकाको प्रशासन, योजना तथा अनुगमन शाखामा बुझाउनु पर्नेछ ।इमेल मार्फत पालिका गानको प्रस्ताव पठाउन चाहने रचनाकारले sahidbhumirural@gmail.com मा इमेल गरी पठाउन सक्नुहुनेछ ।

११. एक जनाले एउटा मात्र पालिका गान पेश गर्नुपर्नेछ ।

१२. रचनाकारले पालिका गानको रचना गर्दा प्रतिलिपी अधिकार तथा बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारको पूर्ण पालना गर्नुपर्नेछ ।

१३. पालिका गानको स्वीकृति सम्बन्धी सम्पूर्ण अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ । सृजनाकारले अन्यत्र प्रयोग गर्न पाउने छैन।

१४. पालिका गानको संरचना सहितको स्थायी तथा अन्तरा बढीमा तीन भागको हुनु पर्नेछ । गीत गायनका लागि १.३० मिटनेसम्म गाउन सकिने हुनु पर्नेछ।

१५. पालिका गानमा मर्यादित अर्थ संयोजन, भाव संयोजन, रस, अलंकार, प्रतिक, विम्ब, अनुप्रास प्रयोग भएको हुनु पर्नेछ ।

१६. पालिका गानमा धार्मिक, जातीय, साम्प्रदायिक विभेद झल्कने, सामाजिक सद्भाव, सार्वभौमिकता, एकता तथा अखण्डतामा खलल पुग्ने शब्द वा प्रतिक प्रयोग गर्न पाइने छैन ।

सूर्यबहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

कार्यपालिका बैठक सङ्ख्या:१२
मिति: २०८३/०२/०८

१७. छनोट समितिमा प्राप्त पालिका गान उपयुक्त नठानेमा पुनः सूचना प्रकाशन गर्न सकिनेछ ।

१८. पालिका गान छनौंट भएमा उक्त गीतकारलाई कार्यपालिकाको निर्णयानुसार सम्मानपत्र तथा नगदबाट सम्मान गर्न सकिनेछ ।

१९. पालिकागान पेश गर्दा रचनाकारले तपसिल बमोजिमका विवरण उल्लेख गर्नुपर्नेछ :

- रचनाकारको नाम थर:
- स्थायी ठेगाना/ पत्राचार गर्ने ठेगाना
- सम्पर्क नं.
- इमेल ठेगाना (उपलब्ध भएमा)
- नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि

## सहिदभूमि गाउँपालिकाको लोगो प्रस्तावको आधारभूत मापदण्ड

१. गाउँपालिकाको लोगोले पालिकाको ऐतिहासिकता, भौगोलिक अवस्थिति, प्राकृतिक सम्पदा, पर्यटकीय क्षेत्र, सामाजिक तथा साँस्कृतिक विविधता, पुरातात्विक महत्व एवं विशिष्टता झल्काउनु पर्नेछ ।

२. अन्य गाउँपालिकाको लोगो भन्दा भिन्न र मौलिक प्रकृतिको हुनुपर्नेछ ।

३. लोगो सरल, स्पष्ट तथा सहज रुपमा बोधगम्य हुनुपर्नेछ ।

४. सिर्जनाकारले पालिकाको लोगोले उजागर गर्न खोजेको प्रतिकात्मक अर्थ संक्षिप्त रुपमा उल्लेख गर्नुपर्नेछ ।

५. पालिकाको लोगोमा नेपालको सार्वभौमिकता, राष्ट्रिय एकता, अखण्डता, सहिष्णुता तथा जातीय, भाषिक, धार्मिक, साँस्कृतिक एकता र पारस्परिकतामा आँच आउने संकेत प्रयोग गर्न पाईने छैन।

६. पेश भएको पालिकाको लोगोको सन्दर्भमा छनोट समितिबाट आवश्यक परिमार्जनका लागि सुझाव प्राप्त भएमा परिमार्जन गरी उक्त लोगो स्वीकृत गर्न सकिनेछ ।

७. पालिकाको लोगो छनोट समितिको सिफारिसमा गाउँ कार्यपालिकाबाट छनोट गरिनेछ ।

८. सामूहिक रूपमा पेश गरेको पालिकाको लोगोलाई मान्यता प्रदान गरिने छैन ।

९. सिर्जनाकारले लोगोको रचना गर्दा प्रतिलिपी अधिकार तथा बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारको पूर्ण पालना गर्नुपर्नेछ ।

१०. गाउँपालिकाको लोगोमा नेपालको झण्डा, गाउँपालिकाको नाम समावेश भएको निशान छापकै आकारमा स्थानीय मौलिकता तथा एकता झल्कने बहुरङ्गी किसिमको हुनु पर्नेछ र लोगोमा प्रयोग भएका प्रतिकहरुको संक्षिप्त ब्याख्या सहितको विद्युतीय प्रतिसमेत पेश गर्नु पर्नेछ ।

११. लोगोको प्रस्ताव खाम बन्दी गरी गाउँपालिकाको प्रशासन तथा योजना शाखामा बुझाउनु पर्नेछ ।इमेल मार्फत लोगोको प्रस्ताव पठाउन चाहने रचनाकारले sahidbhumirural@gmail.com मा इमेल गरी पठाउन सक्नुहुनेछ । साथै लोगोको विद्युतीय प्रति समेत पेश गर्नुपर्नेछ ।

१२. पालिकाको लोगोको स्वीकृति सम्बन्धी सम्पूर्ण अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ ।

१३. स्वीकृत पालिकाको लोगोको सर्वाधिकार गाउँपालिकामा रहनेछ र सिर्जनाकारले अन्यत्र प्रयोग गर्न पाउने छैन।

१४. छनोट समितिमा प्राप्त लोगो उपयुक्त नठानेमा पुनः सूचना प्रकाशन गर्न सकिनेछ ।

सूर्यबहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मनोज राई
अध्यक्ष

कार्यपालिका बैठक सङ्ख्याः१२
मितिः २०८३/०२/०८

१५. लोगो छनौंट भएमा उक्त सृजनाकारलाई कार्यपालिकाको निर्णयानुसार सम्मानपत्र तथा नगदबाट सम्मान गर्न सकिनेछ ।

१६. पालिकाको लोगो पेश गर्दा सृजनाकारले तपसिल बमोजिमका विवरण उल्लेख गर्नुपर्नेछ :

- सृजनाकारको नाम थरः
- स्थायी ठेगाना/ पत्राचार गर्ने ठेगानाः
- सम्पर्क नं.
- इमेल ठेगाना (उपलब्ध भएमा)
- नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि

## पालिकागान रचना तथा लोगो छनोट प्रक्रिया

१ पालिका गान तथा लोगो छनोटको लागि कम्तिमा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गरिनेछ ।

२ पालिका गान तथा लोगोको छनोट विषय विज्ञ सहितको छनोट समितिबाट गरिनेछ ।

३ गाउँ कार्यपालिकाबाट पालिका गान तथा लोगोको छनोटको लागि छुट्टाछुट्टै छनोट समिति गठन गरिनेछ । छनोट समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ । र उक्त समितिमा नेपाली भाषामा कम्तिमा पनि स्नातकोत्तर उपाधी हासिल गरेको ३ जना विषय विज्ञहरुको मनोनयन गाउँ कार्यपालिकाबाट हुनेछ । साथै आवश्यकतानुसार गीतकारलाई विषय विज्ञको रुपमा आमन्त्रंण गर्न सकिनेछ । लोगोको हकमा पनि कार्यपालिकाबाट एक छनोट समिति गठन गरिनेछ । उक्त लोगो छनोट समितिमा कार्यपालिकाको निर्णयानुसार विषयसँग सम्बन्धित तीनजना विषयविज्ञको छनोट गरिनेछ । साथै आवश्यकतानुसार अन्य विषयविज्ञ समेत आमन्त्रण गर्न सकिनेछ।

मनोज राई
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिका बैठक सङ्ख्या:१२

मितिः २०८३/०२/०८

४ पेश भएको पालिका गान तथा लोगो मध्ये उत्कृष्ट गान तथा लोगोको रचनाकार/कलाकार/तयारीकर्तालाई कार्यपालिकाको निर्णयानुसार उचित सम्मान र नगदबाट पुरस्कृत गरिनेछ ।

५ पालिका गान रचनाकार तथा लोगो तयारी कर्ताले छनोटका क्रममा आफूले तयारी गरेको लोगो वा रचना ब्याख्या सहित प्रस्तुत गर्नु पर्नेछ ।

६ पालिका गान तथा लोगो निर्माण सम्बन्धी अन्य शर्तहरु कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ ।पालिका गान तथा लोगो छनोट सम्बन्धी दमापदण्डमा कुनै द्विविधा भएमा कार्यपालिकाले निर्णय बमोजिम हुनेछ ।

७ पालिका गान तथा लोगो पेश गर्दा रचनाकार तथा सृजनाकारले तपसिल बमोजिमका विवरण उल्लेख गर्नुपर्नेछ।

रचनाकार/सृजनकारको नाम थरः

स्थायी ठेगाना/पत्राचार गर्ने ठेगानाः

सम्पर्क नं.

इमेल ठेगाना (उपलब्ध भएमा)

नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि

**प्रस्ताव नं. ४ आयोजना सम्झौता सम्बन्धमा ।**

**निर्णय नं. ४** आर्थिक वर्ष २०८२/०८३ मा यस कार्यालयबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरुको सम्झौता गर्ने समयावधि २०८२ साल बैसाख मसान्त सम्म तोकिएकोमा सो अवधिमा समेत आयोजना तथा कार्यक्रमहरु सम्झौताको कार्य सम्पन्न नभएको भनि सम्झौताको समयावधि थप गर्नको लागि माग भइ आएको हुँदा आयोजना तथा सम्झौताको समयावधि मिति २०८३ साल बैसाख २५ गतेसम्म अन्तिम पटक थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

मनोज राई
अध्यक्ष

कार्यपालिका बैठक सङ्ख्याः१२
मितिः २०८३/०२/०८

**प्रस्ताव नं. ५ संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्बन्धमा ।**

**निर्णय नं. ५** संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ को दफा ३ मा सर्वेक्षण नगरी संङ्घ, प्रदेश र स्थानीय तहमा कुनै पनि संङ्गठनको स्थापना र दरवन्दी सिर्जना तथा पुनरावलोकन गरिनेछैन भनि उल्लेख गरिएको र दफा ५ मा स्थानीय तहले सर्वेक्षण गर्नु पूर्व सम्बन्धित कार्यपालिकाको पूर्वस्वीकृति लिनुपर्नेछ भनि उल्लेख भएको हुँदा यस कार्यालय र अन्तर्गतका वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरुको **संगठन तथा व्यवस्थापन सर्भेक्षण** गर्नको लागि पूर्व स्वीकृति दिने र उक्त कार्यको लागि संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ को दफा ७ (इ) अनुसार निम्नानुसारको सर्वेक्षण समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।साथै सर्वेक्षणको क्रममा आवश्यकता अनुसार विषय क्षेत्रसँग सम्बन्धित जिम्मेवार कर्मचारी तथा विषय विज्ञ समेतलाई आमन्त्रण गर्न सकिने व्यवस्था भएको हुँदा सो बमोजिम जिम्मेवार कर्मचारी तथा विषय विज्ञ समेतलाई आमन्त्रण गर्न सकिने सर्वसम्मत निर्णय गरियो ।

निम्नः

| क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | सूर्यबहादुर भण्डारी | प्रमुख प्रशासकीय अधिकृत (संयोजक) | |
| २ | नितेश कुमार यादव | सदस्य | |
| ३ | होम बहादुर थापा | सदस्य सचिव | |

मनोज राई
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिका बैठक सङ्ख्या:१२
मिति: २०८३/०२/०८

**प्रस्ताव नं. ६ प्राविधिक समिति गठन सम्बन्धमा ।**

**निर्णय नं. ६** सहिदभूमि गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८३ को दफा १४ बमोजिम संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी कार्यसूची तथा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नुअघि प्राविधिक पक्षहरुको अध्ययन, विश्लेषण र पुनरावलोकन गरी सिफारिस गर्न निम्न बमोजिमको प्राविधिक समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निम्न:**

| क्र.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री होम बहादुर थापा | संयोजक | |
| २ | श्री सुलोचना यादव | सदस्य | |
| ३ | श्री हरि कुमार राई | सदस्य-सचिव | |

**निर्णय नं. ७ पाखा खानेपानी तथा सरसफाई उपभोक्ता समिति, आखिसल्ला-१, धनकुटाको नविकरण सम्बन्धमा ।**

**निर्णय नं. ७** सहिदभूमि गाउँपालिका वडा नं ७ स्थित पाखा खानेपानी तथा सरसफाई उपभोक्ता समिति आँखिसल्ला-१ ले मिति २०८३।०१।०७ मा संस्था नविकरणका लागी निवेदन पेश गर्नु भएको र जिल्ला जलश्रोत समिति, धनकुटामा मिति २०७३।१२।३० मा दर्ता भइ मिति २०७५ साल असार मसान्तसम्म नविकरण भएको फायल जिल्ला समन्वय समितिको कार्यालयबाट मिति २०८३।०१।२१ गते प्राप्त भएको हुँदा उक्त संस्था नविकरण वार्षिक रुपमा गर्नु पर्नेमा खानेपानी तथा सरसफाई उपभोक्ता समिति ८ वर्षदेखी नविकरण नभएको हुँदा उक्त समितिलाई वार्षिक नविकरण शुल्क ५००।- (पाँच सय) लिने व्यवस्था रहेको र लामो अवधि नविकरण नगरेको

कार्यपालिका बैठक सङ्ख्या:१२
मिति: २०८३/०२/०८

हुँदा पाखा खानेपानी तथा सरसफाई उपभोक्ता समिति आँखिसल्ला-१ लाई वार्षिक नविकरण शुल्क शुल्क ५००।- (पाँच सय) र जरिवाना शुल्क वार्षिक १०००।- (एक हजार) कायम गरि उक्त ८ वर्ष अविधिको जरिवाना र वार्षिक शुल्क सहित जम्मा रकम रु १२,०००।-(बाह्र हजार रुपैया ) रकमको राजस्व लिई पाखा खानेपानी तथा सरसफाई उपभोक्ता समिति आँखिसल्ला-१ लाई नविकरण गर्ने सर्वसम्मत निर्णय गरियो।

सूर्यबहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मनोज राई
अध्यक्ष

आ.व. २०८२/८३
बैठक संख्या :१३

आज मिति २०८३ साल जेष्ठ २८ गते बिहिबार सहिदभूमि गाउँपालिकाका अध्यक्ष श्री मनोज राईज्यूको अध्यक्षतामा सहिदभूमि गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

## उपस्थिती

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री मनोज राई | अध्यक्ष | |
| २. | श्री रत्नश्वरी राई | उपाध्यक्ष | |
| ३. | श्री रमेश कुमार राई | वडाध्यक्ष, वडा नं. १ | |
| ४. | श्री खगेन्द्र राई | वडाध्यक्ष, वडा नं. २ | |
| ५. | श्री होमनाथ राई | वडाध्यक्ष, वडा नं. ३ | |
| ६. | श्री भिम बहादुर राई | वडाध्यक्ष, वडा नं. ४ | |
| ७. | श्री हेम कुमार राई | वडाध्यक्ष, वडा नं. ६ | |
| ८. | श्री दिवानी राई | कार्यपालिका सदस्य | |
| ९. | श्री विनिता राई | कार्यपालिका सदस्य | |
| १०. | श्री मधु भण्डारी | कार्यपालिका सदस्य | |
| ११. | श्री बालिका विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२. | श्री प्रकाश राई | कार्यपालिका सदस्य | |
| १३ | श्री सूर्यबहादुर भण्डारी | सचिव | |
| १४. | श्री देउ कुमारी विश्वकर्मा | का.बा.वडाध्यक्ष, वडा नं. ५ | |
| १५. | श्री लिलाराम राई | का.बा.वडाध्यक्ष, वडा नं. ७ | |
| | **अन्य उपस्थिती** | | |
| १. | श्री होम बहादुर थापा | प्रशासन योजना तथा अनुगमन शाखा प्रमुख | |
| २. | नितेश कुमार यादव | आर्थिक प्रशासन तथा राजस्व शाखा प्रमुख | |
| ३. | अरविन्द के.सी. | योजना तथा अनुगमन इकाई | |

कार्यपालिका बैठक सङ्ख्या:१३
मिति: २०८३/०२/२८

**प्रस्ताव नं. १ आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम स्वीकृत गरी गाउँ सभाको बैठकमा पेश गर्ने सम्बन्धमा ।**

निर्णय नं. १ आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रमको मस्यौदा स्वीकृत गरी गाउँ सभाको बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. २ ठेक्का नं. 02-SAHIDBHUMI/ROAD/82-83, सुकेआहाल- माम्फिङ्ग- माङतीङ्ग सडक स्तरोन्नति आयोजनाको म्याद थप सम्बन्धमा ।**

निर्णय नं. २ यस सहिदभूमि गाउँपालिकाको चालु आ.व. २०८२/०८३ मा कोशी प्रदेश समपुरक अनुदान र सहिदभूमि गाउपालिकाको साझेदारी वजेटबाट मिति २०८२/०७/०२ गते मध्यान्ह दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार *ठेक्का नं. 02-SAHIDBHUMI/ROAD/82-83*, **सुकेआहाल- माम्फिङ्ग- माङतीङ्ग सडक स्तरोन्नति** कार्यको लागि मिति २०८२/०९/०३ मा ***श्री माङवारक कन्स्ट्रक्सन कम्पनी सुनसरी***सँग मिति २०८३/०२/३१ मा कार्य सम्पन्न गर्ने गरि सम्झौता भइ निर्माणाधिन अवस्थामा रहेको आयोजनाको निर्धारित समय अवधिमा नेपालको सङ्घीय प्रतिनिधि सभाको निर्वाचन र निर्माण सामग्रीहरुको बजार मूल्य बृद्धिका कारण देखाइ आयोजना सम्पन्न गर्न ढिलाई भएको भनि निर्माण ब्यवसायीबाट मिति २०८३/०२/०८ मा म्याद थपको लागि निवेदन पेश भएको हुँदा कार्य सम्झौतामा तोकिएको बाँकी समय अवधिमा आयोजना सम्पन्न गर्न कठिनाई हुने र आयोजनामा निर्माण गरिने संरचनाहरुको गुणस्तर कायम गर्न समेत समस्या हुने देखिएकोले हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को ब्यवस्था बमोजिम कार्यालयलाई थप आर्थिक दायित्व नपर्ने गरी मिति २०८३ साल असार २० गते सम्म म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

कार्यपालिका बैठक सङ्ख्या:१३
मिति: २०८३/०२/२८

**प्रस्ताव नं. ३ ठेक्का नं. 03-SAHIDBHUMI/ROAD/82-83, पिप्ले- लुघुङ्ग- जिसु राईघाट ग्रामीण सडक स्तरोन्नति आयोजनाको म्याद थप सम्बन्धमा ।**

निर्णय नं. ३ यस सहिदभूमि गाउँपालिकाको चालु आ.व. २०८२/०८३ मा कोशी प्रदेश समपुरक अनुदान र सहिदभूमि गाउपालिकाको साझेदारी वजेटबाट मिति २०८२/०७/०२ गते मध्यान्ह दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार *ठेक्का नं. 03-SAHIDBHUMI/ROAD/82-83*, **पिप्ले- लुघुङ्ग- जिसु- राईघाट ग्रामीण सडक स्तरोन्नति** कार्यको लागि मिति २०८२/०९/०३ मा ***श्री माङवारक कन्स्ट्रक्सन कम्पनी सुनसरी***सँग मिति २०८३/०२/३१ मा कार्य सम्पन्न गर्ने गरि सम्झौता भइ निर्माणाधिन अवस्थामा रहेको आयोजनाको निर्धारित समय अवधिमा नेपालको सङ्घीय प्रतिनिधि सभाको निर्वाचन र निर्माण सामग्रीहरुको बजार मूल्य बृद्धिका कारण देखाइ आयोजना सम्पन्न गर्न ढिलाई भएको भनि निर्माण ब्यवसायीबाट मिति २०८३/०२/०८ मा म्याद थपको लागि निवेदन पेश भएकोले कार्य सम्झौतामा तोकिएको बाँकी समय अवधिमा आयोजना सम्पन्न गर्न कठिनाई हुने र आयोजनामा निर्माण गरिने संरचनाहरुको गुणस्तर कायम गर्न समेत समस्या हुने देखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को ब्यवस्था बमोजिम कार्यालयलाई थप आर्थिक दायित्व नपर्ने गरी मिति २०८३ साल असार २० गते सम्म म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

कार्यपालिका बैठक सङ्ख्या:१३
मिति: २०८३/०२/२८

**प्रस्ताव नं. ४ स्थानीय बाल अधिकार समिति गठन सम्बन्धमा ।**

निर्णय नं. ४ सहिदभूमि गाउँपालिकाको बाल अधिकार संरक्षण तथा सम्वर्धन सम्बन्धी कार्यविधि, २०७७ को दफा १४ बमोजिम निम्नानुसारको स्थानीय बाल अधिकार समितिको गठन गर्ने निर्णय गरियो ।

निम्न:

१. क) विनिता राई -अध्यक्ष
२. ख) पिंकी राई -सदस्य
३. ख) सोम बहादुर मगर -सदस्य
४. ग) चन्द्र कुमारी राई -सदस्य
५. ग) अर्जुन राई -सदस्य
६. घ) मनोज कुमार पौडेल -सदस्य
७. घ) फकिर मोहम्मद -सदस्य
८. ङ) रिमा राई -सदस्य
९. च) विपन विश्वकर्मा -सदस्य
१०. छ) सिता पौडेल -सदस्य
११. ज) सुस्मिता फत्तेपुरी -सदस्य सचिव

सूर्यबहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मनोज राई
अध्यक्ष

मनोज राई
अध्यक्ष

कार्यपालिका बैठक सङ्ख्या:१३
मिति: २०८३/०२/२८

**प्रस्ताव नं. ५ करारोपणको स्वघोषणा सम्बन्धमा ।**

निर्णय नं. ५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ अनुसार कानुन बमोजिम बाहेक कर लगाउन र उठाउन वा ऋण लिन नपाउने भएको हुँदा सहिदभूमि गाउँपालिकाबाट आर्थिक वर्ष २०८२/०८३ मा क्षेत्राधिकार बाहिर करारोपण नगरेको बेहोरा स्वघोषणा गर्दछौं।

सूर्यबहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मनोज राई
अध्यक्ष